दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**प्रजातन्त्रका मूलभूत मान्यता**
-जनताको बहुलदीय लोकतान्त्रिक शासन प्रणाली,
-मौलिक हक र मानव अधिकार,
-आवधिक निर्वाचन,
-बालिग मताधिकार,
-नागरिक स्वतन्त्रता,
-स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
-कानूनी राज्यको अवधारणा,
-पूर्ण प्रेस स्वतन्त्रता -शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ३७ | अंक ५२ | बुटवल | २०८१ फागुन ०३, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Feb. 15, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# बटौली, खस्यौली हुँदै बुटवल

मुन्निलाल शाक्यदेखि सुरु भएको बुटवलको नेतृत्व खेलराजसम्म आइपुगेको छ । नेतृत्व फेरिएसँगै शहरले आधुनिक रूप लिएको छ ।



बुटवल । कुनै बेलाको बटौली बजार अहिले बुटवल भनेर चिनिन्छ । पञ्चायती व्यवस्थामा बुटवल-खस्यौली नगरपञ्चायत भनिए पनि २०४६ सालपछि बुटवल नगरपालिका भन्न थालियो । २०७१ साल मंसिरमा उप-महानगरपालिकामा स्तरोन्नति भएपछि बुटवलको पहिचान, विकास र शहरीकरण विस्तार भइरहेको छ अहिले बुटवल मुलुककै प्रमुख शहरका रुपमा परिचित छ ।

अहिलेको मुख्य बजारभन्दा तिनाउ पारी थियो बटौली बजार । २० को दशकतिर वारि खस्यौलीमा पनि बजार र बस्ती बस्न थालेपछि बटौली फराकिलो बन्दै अघि बढ्यो । २०३५ सालमा बटौली क्षेत्रमा रहेको नगरपालिकाको कार्यालय पनि अहिलेको कार्यालय भएको ठाउँ हाटबजारलाइनमा सर्यो । खस्यौलीमा पूर्वाधार थपिदैं गएपछि बटौली बजारले बुटवल शहरको रुप लियो । बुटवलबाट दक्षिण र पश्चिम बस्ती विस्तार हुँदै गयो ।

पाल्पा राज्यका राजा मणिमुकुन्द सेनले पाँच सय वर्ष अघि काश्मीरबाट कशौधनहरुलाई व्यापारका लागि यहाँ ल्याए । त्यसैबेलादेखि विभिन्न ठाउँबाट नेवारहरु पनि त्यसै सेरोफेरोमा यहाँ आए । १९९५ सालतिर मुस्ताङबाट थकालीहरु यहाँ आए । व्यापार विनिमयमा तत्कालीन समयमा यो क्षेत्र प्रख्यात थियो । पहाडबाट ल्याएको घिउ प्रशोधन गरेर भारतसहितका मुलुकमा पठाइन्थ्यो । कुनै बेला ल्हासाको नुन, सुन, पहाडको जडीबुटी, घिउ, तेलजस्ता सामग्री बेच्ने थलो बटौली बुटवलमा फेरिएसँगै यहाँको व्यापारको शैली पनि फेरिएको छ । पूर्व-पश्चिम महेन्द्र राजमार्ग र उत्तर–दक्षिण सिद्धार्थ राजमार्गको मिलनविन्दु बुटवलको व्यापार फैलिंदो छ । यातायात सञ्जाल विस्तारले बुटवलको व्यापार पनि विस्तार गरेको छ । बुटवल उप-महानगरपालिकाभित्रको जनसंख्या करिब २ लाखको हाराहारीमा छ । औपचारिक बसोबास गर्नेको संख्या करीब २ लाख छ । तर अनौपचारिक रुपमा यहाँ बसोबास गर्नेको संख्या थप दुई लाख हाराहारी रहेको अनुमान छ ।

६ लेनका फराकिला सडक, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रदर्शनी स्थलजस्ता राष्ट्रियस्तरका संरचनाले बुटवलको प्रतिष्ठा बदल्दै गएको छ । देवीनगर, मगरघाटमा बनेका पक्की पुलले विभिन्न ठाउँमा जाने मार्गलाई सहज बनाएको छ । बुटवल भौतिक पूर्वाधारमा मात्रै नभई मानव संसाधनका दृष्टिले अगुवा शहरका रुपमा स्थापित हुने नगर प्रमुख खेलराज पाण्डेय बताउँछन् । उनका अनुसार बुटवल बर्दघाटदेखि चन्द्रौटासम्मको नेतृत्व गर्ने केन्द्रका रुपमा स्थापित हुने क्रममा अघि बढेको छ । 'यो कार्यकालमा फैलिदो बुटवललाई व्यवस्थित गर्ने गरी केही काम गरेर देखाउँछौं ।'-उनले भने ।



**» मेयर, खेलराज पाण्डेय**

- बुटवल बर्दघाटदेखि चन्द्रौटासम्मको नेतृत्व गर्ने केन्द्रका रूपमा स्थापित हुने क्रममा अघि बढेको छ । 'यो कार्यकालमा फैलिंदो बुटवललाई व्यवस्थित गर्ने गरी केही काम गरेर देखाउँछौं ।

**मुन्नीलालदेखि खेलराजसम्म**

तत्कालीन बुटवल खस्यौली नगरपालिकाको पहिलो नेतृत्व गरे, मुन्निलाल शाक्यले । त्यो समय हो २०१६-२०१७ साल । शाक्यपछि ओमशंकर श्रेष्ठ (२०१९-२०२३ साल), परीक्षितप्रसाद लाकौल (२०२४-२०२६ साल), सरस्वतीप्रसाद शेरचन (२०२६-२०२८ साल र पुनः २०३३ देखि २०३६ साल), हरिबहादुर सिंह (पहिलो पटक २०२८ मा प्रधानपञ्चमा र योसहित चार पटकसम्म प्रधानपञ्च), सूर्यलाल वि.सं. (२०३०), बृजमान श्रेष्ठ (२०३६-२०३९) प्रधानपञ्च भए ।

प्रजातन्त्र पुनःस्थापनापछि भएको स्थानीय चुनावमा सूर्यप्रसाद प्रधान (२०४९-२०५३) र भोजप्रसाद श्रेष्ठ (२०५४-२०५९) नगरप्रमुख थिए । सूर्यबहादुर थापा नेतृत्वको सरकारबाट मनोनित भएर २०६० मा पुनाराम पोखरेल पनि नगरप्रमुख भएर केही समय नेतृत्व गरे । माघ १९ पछिको शाही सरकारले गराएको नगरपालिका चुनावबाट रुपसिंह थापा थोरै समयको लागि नगरप्रमुख बने । लोकतन्त्र स्थापना पछिको सरकारले त्यो निर्वाचनलाई खारेज गरेको थियो । १५ वर्ष जनप्रतिनिधिविहीन भएको बुटवल उपमहानगरपालिकामा २०७४ साल असारमा भएको निर्वाचनबाट शिवराज सुवेदी प्रमुख र गोमादेवी आचार्य उप-प्रमुख भइ कार्यभार सम्हालेका थिए । नेपालको संविधान कार्यान्वयन भएपछिको दोस्रो कार्यकालका लागि २०७९ बैशाख ३० मा भएको निर्वाचनबाट नगर प्रमुखमा खेलराज पाण्डेय र उप-प्रमुखमा सावित्रादेवी अर्याल निर्वाचित भएर अहिले नेतृत्व गरिरहेका छन् ।

## आज बुटवल उप–महानगरकले ६६औं स्थापना दिवस मनाउँदै

बुटवल । बुटवल उप-महानगरपालिकाले शनिबार स्थापनाको ६६औं दिवस मनाउँदैछ । बटौली बजारलाई वि.सं. २०१६ साल फागुन ३ गते बुटवल-खस्यौली नगरपालिका नाम राखिएपछि हरेक वर्ष फागुन ३ गते बुटवलले स्थापना दिवस मनाउँदै आएको छ । स्थापना दिवसका अवसरमा सप्ताहव्यापी कार्यक्रम आयोजना गरेको बुटवलले आज शनिबार मूल समारोह तथा सम्मान कार्यक्रम आयोजना गरेको बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बताए । मूल समारोहमा उप-प्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंह प्रमुख अतिथिका रूपमा आउने उनले बताए । कार्यक्रममा स्थानीय राजनीतिक दल, सामाजिक संस्थाका प्रतिनिधिलगायतले सम्बोधन गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए । शनिबार मूल कार्यक्रममा बुटवलभित्रका उत्कृष्ट करदाता, उत्कृष्ट कर्मचारी, उत्कृष्ट टोल विकास संस्था, उपभोक्ता समिति, उत्कृष्ट निर्माण व्यवसायी, सञ्चारकर्मीलगायतलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रम रहेको उप-प्रमुख सावित्रादेवी अर्यालले जानकारी दिइन् ।

# औद्योगिकरणको जग हाल्ने हफ्टन

बुटवलमा औद्योगिक विकासको जग नर्वेली इञ्जिनियर अड हफ्टनले बसालेका हुन् । बुटवल टेक्निकल इन्स्टिच्युट हुँदै तिनाउ जलविद्युत् आयोजनालगायत स्थापना गरेर हफ्टनले आधुनिक बुटवल निर्माणमा योगदान गरे ।



**शेरबहादुर केसी**
*बुटवल*

वि.सं.२०१५ सालमा पाल्पा मिशन अस्पतालमा काम गर्न आएकी थिइन्, नर्वेकी ३४ वर्षीया नर्स इन्गेवोर्ग सिक्जर्भेहिम । त्यसबेला पाल्पा मिशन अस्पताल भवन निर्माणको काम हुँदै थियो । दक्ष निर्माणकर्मी नपाउँदा अस्पताल भवन बनाउन सकस भयो । इञ्जिनियरदेखि सामान्य कामदार पनि सीप भएका पाउन कठिन भएपछि इन्गेवोर्गले नर्वेबाट इञ्जिनियर हफ्टनलाई बोलाइन् । जो, उनका छिमेकीका छोरा थिए । सिभिल इञ्जिनियरिङमा समेत राम्रो दखल राख्ने हफ्टन इलेक्ट्रिकल इञ्जिनियर थिए ।

मिशन अस्पतालमा चार वर्ष काम गर्दा हफ्टनले विभिन्न खालको सीप सिकाउने संस्था आवश्यक भएको पहिचान गरे । केही नजानेको जनशक्तिलाई सिकाउँदै काममा लगाउन कठिन भएपछि उनले तालिम लिएको जनशक्तिलाई सिकाउन र बुझाउन सकिने निष्कर्ष निकाले । हफ्टनको त्यही निष्कर्षले जन्म्यो, बुटवल टेक्निकल इन्ष्टिच्युट । बुटवल टेक्निकल इन्ष्टिच्युटको स्थापनाले यहाँ आवश्यक दक्ष जनशक्ति पूर्ति गर्न निकै सहज भयो ।

बुटवल टेक्निकल इन्ष्टिच्युटका पूर्व कार्यकारी निर्देशक पिएल श्रेष्ठका अनुसार, हफ्टनको योजना र अनुभवले नै बुटवलमा विभिन्न विषयको व्यवहारिक तालिम दिई दक्ष जनशक्ति उत्पादन गर्न बुटवल टेक्निकल इन्ष्टिच्युट जन्मेको हो ।

हफ्टनले पाल्पा मिशन अस्पताल निर्माण र सञ्चालन गरेको युनाइटेड मिशन टु नेपालमा टेक्निकल इन्ष्टिच्युटको आवश्यकताबारे प्रस्ताव पठाए । युनाइटेड मिशन टु नेपालले उनको प्रस्ताव स्वीकृत गर्‍यो । त्यसपछि थप प्रक्रियागत काम अघि बढ्यो । विसं. २०२० साल कार्तिकमा तत्कालीन श्री ५ को सरकार र युनाइटेड मिशन टु नेपालबिच औद्योगिक विकासका लागि बुटवलमा प्राविधिक इन्ष्टिच्युट खोल्ने सहमति भयो । यो सहमतिपछि खुलेको बुटवल टेक्निकल इन्ष्टिच्युट (बीटीआइ) ले नै यहाँ औद्योगिक विकासको ढोका खोल्यो ।

उद्योगका लागि आवश्यक दक्ष जनशक्ति बुटवल टेक्निकल इन्ष्टिच्युटले तयार गरेपछि उद्योगीलाई दक्ष कामदारको अभाव भएन् । दक्ष कामदारको अभाव नभएपछि उत्साही उद्योगीले धमाधम उद्योगमा लगानी बढाए ।

बुटवल टेक्निकल इन्ष्टिच्युटले प्राविधिक शिक्षालयको साथै विभिन्न व्यवहारिक कार्यस्थल तालिमको पनि व्यवस्था गरेको थियो । मेशिन शप, वेल्डिङ शप, अटो शप, सर्भेयर, उड् शप, विल्डिङ शप र एकाउन्टस्सम्बन्धी शिक्षा हासिल गर्ने सामग्री व्यवस्थापन गरी ट्रेनिङ अन जबको तालिम सुरु गरेर उद्योग व्यवसायलाई चाहिने धेरै दक्ष जनशक्ति तयार गरेपछि यहाँ उद्योग स्थापना गर्ने लहर चलेको रूपन्देही उद्योग संघका पूर्व अध्यक्ष समेत रहेका श्रेष्ठ सम्झन्छन् ।

हफ्टन जनशक्ति र जलशक्तिको विकास गर्न सक्दा मात्रै नेपालमा विकास संभव छ भन्थे । जनशक्ति र जलशक्ति विकासको अपार संभावना देखेका उनले बीटीआइ स्थापनापछि योजनाबद्ध रुपमा काम अघि बढाएर नेपालमा जलविद्युत् आयोजनाहरु बनाए ।

ती आयोजनामध्ये पहिलो हो, तिनाउ जलविद्युत् आयोजना । जुन नेपालको पहिलो सुरुङ जलविद्युत् आयोजना हो । बीटीआइले दक्ष जनशक्ति उत्पादन गर्न थाल्यो, प्राविधिक शिक्षा हासिल गरेकाहरुलाई प्रयोगात्मक सिकाइ गर्ने पर्याप्त उद्योग नभएको अवस्थामा उनले विषयगत केही उद्योग खोले ।

» बाँकी ३ पेजमा



# पाँच सय जनाको प्रवज्याको तयारी



बुटवल । बुद्धजन्मस्थल लुम्बिनीमा फागनु दोस्रो हप्तादेखि दुई ठूला कार्यक्रम हुने भएको छ। प्रत्येक वर्ष हुने कुलपुत्र प्रवज्या (अल्पकालीन भिक्षु) कार्यक्रम र चौथौ लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ समारोह हुने भएको हो।

अखिल नेपाल भिक्षु महासंघ, थाई भिक्षु महासंघ र लुम्बिनी विकास कोषको संयुक्त आयोजना फागनु १४ गतेदेखि चैत ३ गतेसम्म ५ सय जनाको बृहत् श्रामणेर कुलपुत्र प्रवज्या (अल्पकालिन भिक्षु) हुनेछ। यसैगरी अखिल नेपाल भिक्षु महासंघको आयोजनामा फागुन २० देखि २५ गतेसम्म चौथो लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ समारोह हुनेछ।

त्रिपिटक वाचन समारोहमा महास्थविर, भिक्षु भिक्षुणी, उपासक-उपासिकासहित अल्पकालिन श्रामणेरहरुको सहभागिता रहनेछ। फागनु २१ गते औपचारिक उद्घाटन गरी सुरु हुने चौथो अन्तर्राष्ट्रिय त्रिपिटक पाठमा सुत्रपिटक, विनयपिटक, अभिधर्मपिटकको देशना गरिने आयोजकले जनाएका छन्।

गत वर्षमा जस्तै फागुन महिनामा हुने ठूला दुई कार्यक्रम हुन लागेको लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिए। उनले फागुन १४ देखि चैत ३ गतेसम्म हुने कार्यक्रमबाट बुद्धका उपदेशहरुलाई व्यवहारिक रुपमा ग्रहण गर्न पाउने भएकाले यसबाट लाभ लिन आग्रह गरे।

यसैगरी फागुन १४ गतेसम्म अल्पकालिन भिक्षु बन्न चाहनेहरुले नाम दर्ता गराउन सक्ने अखिल नेपाल भिक्षु महासंघले जनाएको छ। भिक्षु तेछावरले ५ सय जनाको प्रवज्या कुलपुत्रको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए। भगवान बुद्धको शिक्षा अनुशरण गर्ने पवित्र प्रवज्यामा सहभागी भएर लाभ लिन समेत विशेष गरी स्थानीयहरुलाई भिक्षु तेछावरको आग्रह छ।

विशेष गरी बुद्धका उपदेशलाई व्यवहारमा पालना गर्नका लागि प्रवज्या कुलपुत्र कार्यक्रम राख्ने गरिएको हो। फागनु २० गते मंगलबार लुम्बिनीमा प्रवज्या गराइनेछ। त्यसपछि फागनु २२ गते लुम्बिनी हलमा भिक्षटन, फागुन २४ गते दीप प्रज्ज्वलन, चैत २ गते देवदह, बुटवल, रामग्रामसम्म धम्मयात्रा गराई चैत ३ गते प्रमाणपत्र वितरण गरी समापन गर्ने गरी कार्यतालिका बनाइएको छ। प्रमाणपत्र वितरणपछि चैत ४ र ५ गते विभिन्न नगरमा भिक्षाटन गराइने आयोजकले जनाएका छन्।

# सहकारी मन्त्रीको प्रश्न : सहकारीको यकिन तथ्याङ्क नभई नियमन कसरी हुन्छ ?



बुटवल । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलाराम अधिकारीले देशभरमा रहेका सहकारीको संख्या यकिन नभएको अवस्थामा सहकारी नियमन कसरी गर्न सकिन्छ भन्दै प्रश्न गरेका छन्।

मन्त्रालयले शुक्रबार बुटवलमा आयोजना गरेको सहकारी सुशासन प्रवर्द्धनका लागि लुम्बिनी प्रदेशस्तरीय कार्यक्रममा प्रमुख अतिथि रहेका उनले यो प्रश्न उठाएका हुन्।

'अहिलेसम्म दर्ता भएका सहकारी कति हुन्, कहिले ३१ हजार ४ सय भन्ने आउँछ, कहिले ३ सय भन्ने आउँछ, कतिले ३२ भनेको सुनेको छु, यस्तो पनि हुन्छ ? दर्ता भएकै संख्या त हामीले पत्तो लगाउन यो समस्या छ अनि संकटमा परेका सहकारीको संख्या कसरी पत्तो लाग्छ ? र समाधान कसरी हुन्छ,' उनले भने-'यति ठूलो मेकानिजम छ, यति धेरै सफ्टवेयर बनेका छन्, यति धेरै खर्च भएको छ, यस्ता तथ्यांक त आधिकारिक सबैले एकै भन्नुपर्यो नि, संघ, प्रदेश अनि स्थायी तीनै तहमा संरचना भएको अवस्थामा पनि यस्तो अवस्थाले कसरी कार्यसम्पादन हुन्छ ?'

मन्त्री अधिकारीले सहकारी क्षेत्रमा समस्या भएको स्वीकार सहकारीमा अहिले देखिएका समस्या सल्टाउनका लागि अध्यादेश ल्याएको बताएका छन्। उनले केही सहकारीमा समस्या आएकाले समग्र सहकारी नै गलत भएको जसरी भास्य बनाइएको भन्दै यसका लागि सचेतना जगाउने सबै सहकारी अभियान्ताको भएको बताएका हुन्।

बोल्दै मन्त्री अधिकारीले अहिले सहकारीमाथि उठेका भ्रमु चिर्नु अनिवार्य रहेको बताए।

मन्त्री अधिकारीले सहकारी टगी गरेका कारण अहिले पनि कतिले सजाय पाइरहेको, सरकारको नियमनकै कारण धेरै पीडितको रकम फिर्ता भएको र अरु पनि प्रकृयामा रहेको विषयलाई बाहिर नल्याएर खाली रकम ठगे भन्ने मात्रै विषयले बढी चर्चा पाएर समस्या भएको बताए।

उनले सहकारीमा देखिएका समस्या तत्काल समाधान गर्नका लागि अध्यादेश आएको बताउँदै यसमा सहजीकरण गर्नका लागि आग्रह गरे।

उनले सहकारीको प्रणालीलाई अपनाउने र यसको विधिमा रहेर चलेका सहकारीमा कुनै समस्या नभएको र उद्देश्य विपरीत चलेका र चलाउन खोजिएका केही सहकारीले गरेको बदमासीले सबैलाई समस्या पारेको बताउँदै त्यसलाई चिर्नेगरी सरकारले तीनै तहका संरचनामार्फत् काम गरिरहेको बताए।

# ऐतिहासिक मदार बाबा मेला फागुन ५ गतेदेखि



**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको विनयी त्रिवेणीमा हरेक वर्ष आयोजना हुँदै आएको ऐतिहासिक मदार बाबा मेला यस वर्ष फागुन ५ गतेदेखि सुरु हुने भएको छ। हिन्दू र मुस्लिम समुदायबिचको धार्मिक सहिष्णुता र आपसी सद्भावको प्रतीक मानिने यो मेला विशेष गरी नवलपुरको मदारिया पहाडमा अवस्थित मदार बाबा (मदर हसन) को मजारमा लाग्ने गर्दछ।

यहाँ नेपाल र भारतका लाखौं हिन्दु तथा मुस्लिम धर्मावलम्वीहरुले मदारबाबाको दर्शन गर्न आउने गर्दछन्। नेपाल र भारतका विभिन्न स्थानबाट हजारौँ भक्तजन तथा दर्शनार्थीहरू मेलामा सहभागी हुने गर्दछन्। धार्मिक आस्था, सांस्कृतिक विविधता, र व्यापारिक गतिविधिहरूको संगमस्थलका रूपमा परिचित यस मेलामा विशेष रूपमा धार्मिक अनुष्ठान, सांस्कृतिक कार्यक्रम, र विभिन्न व्यापारिक स्टलहरू रहने छन्।

मदार बाबा मेलाको मिति हिजरी पात्रोअनुसार निर्धारण गरिने भएकाले हरेक वर्ष मेलाको मिति फरक पर्ने गर्दछ। स्थानीय प्रशासन, मजार व्यवस्थापन समिति तथा सरोकारवाला निकायहरूको छलफलपछि यस वर्ष फागुन ५ गतेदेखि मेलाको औपचारिक सुरूआत गर्ने निर्णय भएको हो।

दुई जिल्लाको सीमामा पर्ने भएकाले मेलालाई व्यवस्थित र सुरक्षित बनाउन नवलपुर तथा नवलपरासीका सुरक्षा निकायहरूले संयुक्त रूपमा सुरक्षा योजना बनाएका छन्।

मेलामा कुनै अप्रिय घटना हुन नदिन स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, तथा अन्य सुरक्षा संयन्त्रहरू विशेष सतर्कता अपनाउँदै मेलास्थलको सुरक्षा व्यवस्था कडा पार्ने भएका छन्।

नवलपुरका प्रमुख जिल्ला अधिकारी अरूण पोखेलका अनुसार मेलाको समयमा भीड व्यवस्थापन, शान्ति-सुरक्षाको सुनिश्चितता, र आकस्मिक उद्धारका लागि सुरक्षाकर्मीहरूलाई आवश्यक निर्देशन दिइएको छ। मेलास्थल वरपर निगरानी बढाइने, सिसीटिभी क्यामेरा जडान गरिने तथा शान्ति सुरक्षाका लागि विशेष गस्ती परिचालन गरिने उनले बताए। धार्मिक एवं सांस्कृतिक महत्व बोकेको मदार बाबा मेला व्यापारिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ। मेलामा स्थानीय व्यवसायीहरूले व्यापार गर्दै आएका छन् भने नेपाल-भारत सीमा क्षेत्रका व्यवसायीहरूले पनि आफ्नो उत्पादन बिक्री गर्दै आएका छन्।

स्थानीय पर्यटन प्रवर्द्धनमा समेत टेवा पुर्‍याउने यस मेलाले क्षेत्रीय एवं धार्मिक पर्यटनको विकासमा महत्वपूर्ण योगदान दिने विश्वास गरिएको छ। धार्मिक श्रद्धालुहरूका लागि मात्र नभई सांस्कृतिक अध्ययन गर्नेहरूका लागि पनि यो मेला आकर्षणको केन्द्र बन्ने गरेको छ।

मदार बाबा मेलाले धार्मिक सहिष्णुता, सांस्कृतिक विविधता, र आपसी भाइचारा अभिवृद्धि गर्ने मात्र नभई नवलपुर तथा नवलपरासीका आसपासका क्षेत्रहरूमा सामाजिक तथा आर्थिक गतिविधि प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

त्यसैगरी शुक्रबार जिल्ला प्रशासन कार्यालय नवलपुरले सूचना जारी गरी मदारबाबा मेलामा मदिराजन्य वस्तु बिक्री वितरण तथा प्रयोगमा रोक लगाएको छ। सूचनामा यस्ता कार्य गरेको गराएको भेटिए कडा कारबाही गरिने समेत उल्लेख गरिएको छ। त्यसैगरी मेला स्थलको सुरक्षाका लागि पश्चिम नवलपरासी र पूर्वी नवलपरासीका गरी सशस्त्र प्रहरी नेपाल प्रहरीलगायतका टोलीसहित ४ सयको हाराहारीमा सुरक्षाकर्मी परिचालन गर्ने तयारी रहेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले बताए। उनले मेलाको सुरक्षाको लागि दुवै जिल्लाको सुरक्षा अधिकारीहरुको संयुक्त बैठक बसिसकेको र दुवै जिल्लाबाट संयुक्त रुपमा सुरक्षा व्यवस्था मिलाउने पनि जानकारी दिए।

# मदनपोखरा टिन्टि आपमा कृषि मेला तथा प्रदर्शनी हुने




**कृष्ण पोखरेल**

*पाल्पा*

'कृषि उत्पादनमा सहभागी बनौ परनिर्भरताको अन्त्य गरौं' भन्ने मुल नाराका साथ तानसेन ९ तिन्टी आपमा तेस्रो कृषि मेला पर्यटक प्रदर्शनी २०८१ सञ्चालन हुने भएको छ।

फागुन ३ गते सञ्चालन हुने कृषि मेलाको सम्पूर्ण तयारी पुरा भएको आयोजक पक्षले पत्रकार सम्मेलन गरी जानकारी गराएको छ। मदनपोखरा संगम बहुउद्देशीय सहकारी संस्था लिमिटेडको आयोजना तानसेन नगरपालिका ९ नं. वडा कार्यालयको प्रवर्द्धनमा तेस्रो कृषि मेला हुन लागेको हो।

मेलामा प्रतियोगात्मक कृषि वाली प्रदर्शनी प्रतियोगितात्मक बाख्रा, कुखुरा प्रदर्शनी रैथाने बाली प्रदर्शनी, कृषि औजार प्रदर्शनी, बिउबिजन प्रदर्शनी, पशु रोग निदान तथा गोवर परीक्षण बाली रोग निदान प्लान्ट क्लिनिक मागे परीक्षण कृषि उद्यम अनुभव आदान प्रदान रहने छ। मेलामा ३५ वटा स्थल रहने छन्।

कृषि मेलाको मुख्य उद्देश्य किसानलाई आफैं बिउबिजन उत्पादन गर्न सक्ने बनाउने, किसानलाई व्यवसायिक बनाउने, किसानलाई उद्यमी बनाउँदै गाडी चढ्ने स्तरसम्म पुर्‍याउने, किसानहरुमा जागरण पैदा गर्ने, कृषि तथा कृषक मुखी नीति निर्माण तथा बजेटमा सरोकार निकायको ध्यान आकर्षण गराउने रहेको वडाध्यक्ष राजेशकुमार अर्यालले बताए।

मदनपोखरा क्षेत्र वरिपरि कृषि उत्पादन अत्याधिक रहेकोले सहकारीको आयोजनामा मेला आयोजना गरिएको अध्यक्ष घनश्याम घिमिरेले बताए।

पत्रकार सम्मेलनमा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले कृषि मेलाले उत्पादनमा वृद्धि कृषिमा आधुनिकीकरण। कृषकका समस्याहरु समाधान गर्न सहयोग पुग्ने जनाए। सहकारीका उपाध्यक्ष सन्तोष अर्याल, सचिव बेदप्रसाद सुवेदीको सञ्चालनमा कार्यक्रम चलेको थियो।

## औद्योगिकरणको...

स्थापनाको केही वर्षमै बीटीआइको आडमा धेरै औद्योगिक प्रतिष्ठान थपिए। जो अध्ययन, अनुसन्धानदेखि उत्पादनसम्मका प्रतिष्ठान थिए। बीटीआइको स्थापनापछि उद्योगका लागि चाहिने जनशक्ति तयार भएपछि यहाँ औद्योगिक जागरण आएको लामो समय बीटीआइसहित यससँग जोडिएका विभिन्न प्रतिष्ठानमा ४२ वर्ष व्यवस्थापनको काम गरेका दुर्गा शर्मा बताउँछन्।

औद्योगिक विकासका लागि सीपयुक्त जनशक्ति तयार हुन थालेपछि हफ्टनले तिनाउबाट बिजुली निकाल्ने योजना बनाए। विसं. २०२२ सालमा बुटवल पावर कम्पनी स्थापना गरी बिजुली निकाल्ने योजना बुने, उनले। उनले २०२५ मा तिनाउ जलविद्युत् आयोजना अघि बढाए। दक्ष जनशक्ति अभावबाट मुक्त भएका यहाँका उद्योगीले बिजुली पनि पाए। त्यसपछि बुटवलमा औद्योगिक विकासले छलाङ मार्‍यो।

परम्परागत ढंगले चलेका उद्योग बिजुलीमार्फत् चल्न थालेपछि उत्पादन प्रक्रिया छिटो छरितो भयो। उत्पादन क्षमता बढाए। धमाधम नयाँ उद्योग खुले। तिनाउ जलविद्युत् आयोजना सुरुङ खनेर बनाइएको पहिलो जलविद्युत् आयोजना हो। तीन चरणमा सम्पन्न भएको यो आयोजनाले एक मेगावाट विद्युत् उत्पादनको क्षमता छ।

तिनाउ जलविद्युत् आयोजना निर्माण हुँदै गर्दा २०३२ सालमा ४३४ रोपनी क्षेत्रफलमा बुटवल औद्योगिक क्षेत्रको स्थापना भयो। अहिले यहाँ ७२ उद्योग छन्। बीटीआइ स्थापना गरेर दक्ष जनशक्ति उत्पादनको ढोका खोलेका हफ्टनले ती जनशक्तिलाई काम लगाउन आधा दर्जन उद्योग खोले, जो अहिले केही बन्द भइसकेका छन्, केही चालु छन्।

प्रविधिको विकास र विस्तार गर्न, विभिन्न अनुसन्धान एंव औद्योगिक परामर्श सेवा उपलब्ध गराउन २०२९ सालमा डेभलपमेन्ट कन्सल्टिन्स सर्भिस (डीसीएस )स्थापना भयो। यही डीसीएसबाट प्रविधि विकास गरी २०३४ सालमा गोवर ग्यास कम्पनी स्थापना भयो। नेपाली ग्रामीण समाजमा धुँवारहित चुल्हो र बत्ती बाल्न गोबरग्यास निकै लोकप्रिय भयो। २०३४ सालमै बुटवल प्लाइउड फ्याक्ट्री स्थापना भयो। यो उद्योगले प्लाइउड उत्पादन गर्न थालेपछि यससँग सम्बन्धित धेरै उद्योग खुले।

काठका विभिन्न फर्निचर बनाउन २०३५ सालमा बुटवल उड इण्डस्ट्रिज खुल्यो। काठ सहज उपलब्ध भएकाले धेरै राम्रा फर्निचर बनाएर स्वदेशी र विदेशी बजारमा बिक्री गर्न सफल भएको बुटवल उड इण्डस्ट्रिज स्थापनाको डेढ दशकमै बन्द भयो। यो उद्योगले बनाएका फर्निचर भारतसहित विभिन्न मुलुकमा निर्यात हुन्थ्यो। गुणस्तरीय फर्निचर उत्पादनमा यो उद्योगले नाम कमाएको कुनै बेला बुटवल उड इण्डस्ट्रिजको समेत व्यवस्थापन सम्हालेका शर्माले बताए।

हफ्टनले कहिल्यै हाकिमी पारा देखाएनन्। अरु स्टाफसँगै उनी मिहिनेतपूर्वक काम गर्दथे। अरुलाई सधैँ उत्प्रेरणा दिन्थे। 'उहाँ मार्गनिर्देशक र अगुवा हो, हामी सबैको प्रेरणा हो, उनले यो समाजबाट धेरै सिके, त्योभन्दा बढी हामीलाई सिकाए।'- शर्माले भने।

बीटीआइका तालिमेबाट वर्कशप चलाएर २०३४ सालमा स्थापना भएको बुटवल इञ्जिनियरिङ वर्क्सशपपछि नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक प्रालिमा गाभियो। २०४२ सालमा नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक प्रालि स्थापना भयो। नेपाल हाइड्रो एण्ड इलेक्ट्रिकले जलविद्युत् आयोजनाका लागि आवश्यक सामग्री उत्पादन गर्दै आएको छ। हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उपकरणहरु निर्माणका लागि यो मुलुककै अग्रणी कम्पनी मानिन्छ। यसले यहाँका जलविद्युत् आयोजनासहित अन्य मुलुकका जलविद्युत् आयोजनाका लागि पनि उपकरण उत्पादन गरेर पठाउँछ।

जलविद्युत् आयोजनाको निर्माणसम्बन्धी काम गर्न विसं. २०४३ मा हिमाल हाइड्रो एण्ड जनरल कन्ट्रक्सन प्रालिको स्थापना भयो। जलविद्युत् आयोजनाको निर्माणसम्बन्धी काम गर्न यो कम्पनी अहिले अग्रणी मानिन्छ।

मिशन अस्पताल भवन बनाउन यहाँ आएका हफ्टनले दक्ष जनशक्ति तयार गर्ने बिटिआई स्थापनापछि चुप लागेनन्, उनले निरन्तर नेपालको आवश्यकताअनुसार विभिन्न कम्पनी स्थापना गर्दै अघि बढे। उनकै सक्रियतामा स्थापना भएको बुटवल पावर कम्पनी अहिले जलविद्युत् आयोजना निर्माण गर्ने अग्रणी कम्पनी भएको छ। बुटवल पावर कम्पनीले एक मेगावाटको तिनाउ जलविद्युत् आयोजना बनाएपछि संस्थागत क्षमता स्थापित गर्‍यो। यसपछि निरन्तर जलविद्युत् आयोजना बनाउँदै अघि बढ्यो। हफ्टनकै अगुवाइमा पाँच मेगावाटको आँधीखोला जलविद्युत् आयोजना, १२ मेगावाटको झिमरूक जलविद्युत् आयोजना र ६० मेगावाटको खिम्ती जलविद्युत् आयोजना बने।

जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको प्रवेश हुन नसकिरहेको र विश्वास नदेखिएका बेला हफ्टनले नै निजी क्षेत्रप्रति विश्वास बढाएन सफल भए। 'बुटवलमा औद्योगिक विकासको जग हालेका हफ्टनले नेपालमा निजी क्षेत्रले जलविद्युत् आयोजना बनाउन सक्छ भन्ने विश्वास जगाउन सफल हुनुभयो।'-जलविद्युतविद् रत्नसंसार श्रेष्ठले भने। उनका भनाइमा, नेपालमा विद्युत् ऐन २०४९ मा आयो। यो ऐनपछि जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित भयो। तर हफ्टनले पहिले नै विद्युत् निकालेर निजी क्षेत्रले गर्न सक्छ भन्ने स्थापित गरे।

हफ्टनले बुटवल पावर कम्पनी स्थापना गरी सुरु गरेको जलविद्युत् विकासलाई अहिले बुटवल पावर कम्पनीले फैलाउँदै छ। 'जलविद्युत्को क्षेत्रमा गरेको कामले अहिले सिंगो मुलुकले फाइदा लिन सफल भएको छ,' जलविद्युत्विद् रत्नसंसार श्रेष्ठले भने-'हफ्टनको योगदानको जति चर्चा गरेपनि कमी हुन्छ। आफ्नो देश नर्वे छाडेर नेपाल र नेपालीप्रति समर्पित भएर काम गर्ने उहाँको अतुलनीय योगदानको हामीलाई सधैँ सम्झना हुनेछ।'

सन् २७ डिसेम्बर १९२७ मा जन्मेका हफ्टन ३० वर्षको उमेरमा १९५८ मा आएपछि ३८ वर्षसम्म यहाँ बसे। १९९५ मा नर्वे फर्केका उनी लामो समय कर्म गरेको नेपाललाई चटक्कै बिर्सन सकेनन्। यहाँको माटो र समाजलाई सम्झेर नर्वे फर्केपछि पनि बेलाबखत आइरहन्थे।

बुटवलमा औद्योगिक विकासको जग बसाल्ने इञ्जिनियर अड हफ्टनको ९६ वर्षको उमेरमा २१ मार्च, २०२३ मा नर्वेको गेघिडमा निधन भयो।

बुटवलमा बीसको दशकमा औद्योगिक विकासको जग बसाल्न महत्वपूर्ण काम गरेका हफ्टन सधैँ सम्झनामा हुने यहाँका अगुवाहरु बताउँछन्। रूपन्देही उद्योग संघका पूर्व अध्यक्ष पिएल श्रेष्ठका भनाइमा यहाँको औद्योगिक विकासको जग सरकारको योजनामा भन्दा हफ्टनकै अगुवाइमा भएको हो।

# प्रथम शहीद लखन थापामगरलाई विभूति घोषणा गर्नुपर्ने माग

बुटवल । नेपालका प्रथम शहीद लखन थापामगरलाई नेपालको राष्ट्रिय विभूति घोषणा गर्न माग गरेका छन् । प्रथम शहीद लखन थापामगरको १४८औं स्मृति दिवसको अवसरमा शुक्रबार बुटवलमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरुले प्रथम शहीदलाई राज्यको तर्फबाट अपमानित गर्ने कार्य भएकाले उचित सम्मानका लागि राष्ट्रिय विभूति घोषणा गर्न माग गरेका हुन् ।

प्रथम शहीद लखन थापामगर अक्षयकोष २०५६ रुपन्देही समितिका अध्यक्ष थर्कबहादुर बारघरे मगरको अध्यक्षतामा भएको कार्यक्रममा बोल्ने वक्ताहरुले राष्ट्रिय विभूति घोषणा गरेर लखन थापामगरको सहादतलाई सम्मान व्यक्त गर्नुपर्ने कुरामा जोड दिएका हुन् । कार्यक्रममा बोल्दै नेपाल मगर संघ केन्द्रीय समितिका सहअध्यक्ष दल बहादुर वीरकट्टामगरले राज्यले प्रथम शहीद मात्रै घोषणा गर्ने तर उनको स्मृतिमा राज्यको तर्फबाट कुनै पनि सम्मानजनक कार्यहरु, गतिविधि तथा कार्यक्रमहरु पनि नगर्ने कार्यले शहीदको अपमान भएको बताए । उनले शहीद लखन थापामगरको शालिक काठमाडौंमा रहेको शहीद गेटमा अनावरण गर्नुपर्ने, मध्यपहाडी लोकमार्गको नाम शहीद लखन थापाको नामबाट नामाकरण गरिनुपर्ने लगायतका संघले राखेका मागहरु राज्यले पूरा गर्नुपर्ने बताए ।

सो अवसरमा बोल्दै अर्का वक्ता बुटवल उप-महानगर प्रमुख खेलराज पाण्डेयले शहीदहरुले देखाएको बाटोमा हिंड्नु नै शहीदहरुप्रति सच्चा श्रद्धाञ्जली र सम्मान हुने धारणा व्यक्त गरे । लखन थापामगर अक्षयकोष २०५६ रुपन्देही र नेपाल मगर संघ जिल्ला समन्वय समिति रुपन्देहीको संयुक्त आयोजनामा भएको कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय सदस्य तथा रुपन्देही इञ्चार्ज धनी आले, नेपाल मगर शिक्षक संघका केन्द्रीय महासचिव सूर्यविक्रम राना, संघकै लुम्बिनी प्रदेश वरिष्ठ उपाध्यक्ष जनक थापामगर, संघका तिलोत्तमा नगर अध्यक्ष लीलमाया रानामगरलगायतले बोलेका थिए । कार्यक्रम संघका उपाध्यक्ष टेकबहादुर रेस्मीमगरको स्वागत तथा सचिव राधिका श्रीसको सञ्चालनमा सम्पन्न भएको थियो ।

राणा शासनका विरुद्ध पहिलो जनविद्रोहको आह्वानसहित प्रजातन्त्रका लागि आवाज उठाउने कार्यको अगुवाइ गरेको आरोपमा लखन थापामगरलाई तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणाले वि.स.१९३३ साल फागुन २ गते गोर्खामा खिर्राको बोटमा लट्काएर फाँसी दिएका थिए ।


## श्री आदर्श माध्यमिक विद्यालय
रामग्राम -०५, परासी, नवलपरासी (ब.सु.प.)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

( सूचना प्रकाशित मिति २०८१/११/०३ )

रामग्राम नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक वजेट अनुसार तल उल्लेखित स्थानमा तपसिल वमोजिमको कार्य गर्नुपर्ने भएकाले मिति २०८१/०९/१२ गते www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आव्हान गरिएकोमा सुचना अनुसार रीतपुर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपसिल वमोजिमको न्यूनतम मुल्याङ्कित फर्महरु सारभूतरुपमा प्रभावग्राही देखि स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएको हुदा, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सात दिनका लागि आशय पत्र जारी गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुलाई समेत व्यहोरा जानकारी गराइन्छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम तथा स्थान | कवोल रकम भ्याट |
|---|---|---|---|---|
| १ | AAD/NAMUNA /081/082/01 | Construction of Administrative Building of Adarsha School | Puja Nirman Sewa, Palhinandan -03, Nawalparasi | Rs. 73,08,414.00 |

प्रधानाध्यापक
ऋषिराम ढकाल

नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन बुटवल

### बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मितिः २०८१/११/०३

यस डिभिजन कार्यालयबाट मिति २०८१/०९/२४ मा www.bolpatra.gov.np/egp तथा नयाँ पत्रिका दैनिकमा प्रकाशित सूचना नं DROBTL/०६/०८१/८२ बोलपत्र आह्वान गरिएकोमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिम न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम छनौट भएका उल्लेखित बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७(२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| S.N. | Contract Identification Number | Name and Address of Bidders | Bid Amount including VAT & P.S. (NRs.) |
|---|---|---|---|
| 1 | DROBTL/33701169 /081/82-35 | M/S K.A.P. Construction Pvt . LTD., Lamjung | 6,868,595.38 |
| 2 | DROBTL/33701169 /081/82-36 | M/S Three Star Construction, Tarakeshor,21 Kathmandu Banganga ,1 Kapilvastu | 7,503,115.14 |
| 3 | DROBTL/33701019/ 081/82-37 | M/S MPS CONSTRUCTION, Dipayal Silagadhi, Doti | 5,264,931.76 |
| 4 | DROBTL/33701136/ 081/82-38 | M/S GS Thokar Construction, Thamel Kathmandu | 2,477,836.53 |
| 5 | DROBTL/337310113/ 081/82-39 | M/S Jyoti Construction and Builders, Ramgram 12 Parasi | 2,629,279.71 |
| 6 | DROBTL/33701169/ 081/82-40 | M/S Bhawana Construction, Butwal 13, Rupandehi | 6,674,789.93 |

डिभिजन प्रमुख

### निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दरवार भुर्तुङ गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, कालीगण्डकी गा.पा. वडा नं. ०७, बस्ने श्री पिताम्बर क्षेत्रीको नातीनी श्री बल बहादुर क्षेत्रीको छोरी श्री भीम बहादुर खत्रीको पत्नी बर्ष ६२ की श्रीमती मिना कुमारी भन्ने भिमा वती खत्री (नागरिकता नं. १३२१ जि.प्र.का गुल्मी मिति २०४४/११/१३ मा जारी) को मिति २०८०/११/१९ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५७३० मा भएको रकम भुक्तानी पाउँ भनी निजको छोरा श्री रेशम खत्रीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती मिना कुमारी भन्ने भिमा वती खत्री (नागरिकता नं. १३२१ जि.प्र.का गुल्मी मिति २०४४/११/१३ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय।

### कम्पनीको दर्ता खारेजी गरिएको सूचना

मिति २०७४/०४/०६ गते दर्ता नं. १७१३७० मा दर्ता भएको अनलाइन विज्ञापन सेवा प्रा.लि. को मिति २०८१/१०/२० मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनिले कसैसँग ऋण लिएको वा सो कम्पनीले कसैलाई कुनै रकम तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनिको दर्ता खारेजी गरिने व्यहोरा सम्बन्धित सवैको लागि सूचित गरिन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय।

### कम्पनीको दर्ता खारेजी गरिएको सूचना

दर्ता नं. १८५३७२ मा दर्ता भएको कुँवर वर्ल्ड लिंक एग्रि फार्म एंड नर्सरी रिसर्च सेन्टर प्रा.लि. को मिति २०८१/१०/३० मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनिले कसैसँग ऋण लिएको वा सो कम्पनीले कसैलाई कुनै रकम तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा नियमानुसार उक्त कम्पनिको दर्ता खारेजी गरिने व्यहोरा सम्बन्धित सवैको लागि सुचित गरिन्छ।

## Tinau Rural Municipality
## Office of The Rural Municipal Executive
Dobhan, Palpa

### Notice of Invitation for Online Bids.

PublicationDate: 2081/11/03

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bids from Nepalese eligible Bidders under Following NCB & SQ Procedure as per below table.
2. Interested eligible Bidders may obtain further information from the office of Tinau Rural Municipality Phone No:075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO'se-GP system:www.bolpatra.gov.np/egp before 12:00 hrs. on 18 Falgun 2081 for SQ & 04 Chaitra 2081 for NCB. Bid Opening will be held on same day at 13:00 Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.
4. Pre Bid Meeting for NCB Will be held on 18 Phagun 2081.

| Contract Number | Descrpation of Works | Estimated Amount with (VAT and PS) | Bid Security Amount (NPR) | Bid Document Fee(NPR) | Remarks |
|---|---|---|---|---|---|
| TRM/SQ/WORK /08/2081-082 | Upgrading of Khordiwang-Budikot Motor Road | 18,61,018.72/- | 50,000/- | 1,000/- | Online (SQ) |
| TRM/NCB/WORK /09/2081-082 | Construction of Toilet and Building at different school of Tinau RM | 53,11,802.32/- | 1,35,000/- | 1,000/- | Online (NCB) |

5. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same asspecified for the original last date of bid submission.
6. Information to deposit the cost of bidding document in Bank: Name of theBank:Laxmi SunriseBank Limited.
Name of Office: Office of Tinau Rural Municipality
Office Code no.:40-365-13RajashoShirsakNum:-14229040.
Office Account No: 08103000028 (For Bid Fee),Office Account No.:08103000185 (For Bid Security)

**Cheif Administrative Officer**

### निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दौघा गा.वि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. ०६, बस्ने श्री दन्डपानी ज्ञवालीको नाति श्री तिल बहादुर ज्ञवालीको छोरा श्रीमती नमीता ज्ञवाली र हरी कुमारी ज्ञवालीको पति बर्ष ८२ को श्री विन बहादुर क्षेत्री भन्ने विन बहादुर ज्ञवाली (नागरिकता नं. ३४१४ जि.प्र.का गुल्मी मिति २०४५/०१/१४ मा जारी) को मिति २०८१/०४/१० गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०१६९५ मा भएको रकम भुक्तानी पाउँ भनी निजको पत्नी श्रीमती नमीता ज्ञवालीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री विन बहादुर क्षेत्री भन्ने विन बहादुर ज्ञवाली (नागरिकता नं. ३४१४ जि.प्र.का गुल्मी मिति २०४५/०१/१४ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

### निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दरवार देविस्थान गा.वि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०७, बस्ने श्री कर्ण बहादुर बस्नेतको नातीनी श्री पुर्ण बहादुर बस्नेतको छोरी श्री लोक बहादुर थापाको पत्नी बर्ष ६७ की श्रीमती भगवती भन्ने भगवती थापा (नागरिकता नं. ८९११ जि.प्र.का गुल्मी मिति २०४५/०१/०३ मा जारी) को मिति २०७६/०५/२२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२३७२ मा भएको रकम भुक्तानी पाउँ भनी निजको सौता दिदी श्रीमती बाटुली भन्ने देवकला भन्ने देवकला थापाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती भगवती भन्ने भगवती थापा (नागरिकता नं. ८९११ जि.प्र.का गुल्मी मिति २०४५/०१/०३ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल एसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

### ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

### ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

### ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# ‘सबै काममा अब्बल हुने प्रयासमा छौं’

*मुलुकमा संघीय शासन प्रणाली स्थापना भएपछि दुई वटा चुनाव भए । जनप्रतिनिधिले पहिलो पाँच वर्षको कार्यकाल पूरा गरी दोस्रो कार्यकालको तीन वर्ष पूरा गर्दैछन् ।*

*संघीय शासन प्रणालीलाई संस्थागत गर्दै स्थानीय तहले विकास निर्माण र सेवा प्रवाहको कामलाई प्राथमिकताका साथ अघि बढाइरहेका छन् । बुटवल उप-महानगरपालिकाले पनि विकास र सेवा प्रवाहलाई प्रभावकारी ढंगले अघि बढाएको नगरप्रमुख खेलराज पाण्डे बताउनुहुन्छ । विगतमा खस्यौली, बटौली, बुटौल जस्ता नाममा स्थापित अहिलेको बुटवल पहिले गणराज्यको राजधानी र व्यापारिक नाका थियो । जितगढी किल्लामा नेपाली फौजले अंग्रेजहरूलाई दुई सय वर्षअघि हराएको जीवन्त इतिहास छ । सेनवंशीय राजाहरूले बुटवललाई शीतकालीन राजधानीका रूपमा प्रयोग गरेका थिए । कुनै बेला नुन र कपडाको व्यापारले चम्केको बुटवल महेन्द्र राजमार्ग र सिद्धार्थ राजमार्गको विस्तारपछि आधुनिक स्वरुप पाएको हो । बुटवलको विकासलाई अझ उचाइमा पुऱ्याउन बुटवल उप-महानगरपालिकाले के-कस्ता काम अघि बढाएको छ ? नगरप्रमुख खेलराज पाण्डेसँग लुम्बिनीकर्मीले गरेको कुराकानी :*



## खेलराज पाण्डेय
### प्रमुख
### बुटवल उप-महानगरपालिका

**» *तपाईं बुटवल उप-महानगरपालिकाको प्रमुखमा निर्वाचित भएको तीन वर्ष पुग्दैछ, तपाईंको अनुभव कस्तो रह्यो ?***

मुलुकमा संघीय शासन प्रणाली स्थापना भएपछि हामीले दोश्रो कार्यकालको रुपमा कार्यभार सम्हालेर अघि बढिरहेका छौं । हामीसँग केही अवसर र धेरै चुनौतीहरु थिए । संघीयताको अभ्यास राम्रोसँग हुन पाएकै थिएन । पहिलो वर्ष सिक्दासिक्दै केही कामहरु अघि बढायौं । दोश्रो वर्ष योजनाहरुलाई कार्यान्वयनको चरणमा पुऱ्याएर केही नतिजा दिनसक्ने अवस्थाको सिर्जना भएको छ । अब हामीले गरेका कामको देखिने विन्दुमा आएका छौं ।

**» *बुटवल उप-महानगरपालिकाले मानव संशाधनको विकासलाई प्राथमिकता दिएको छ भन्दै आउनु भएको छ, त्यस क्षेत्रमा के-कस्ता काम भएका छन् ?***

बुटवल उप-महानगरपालिकाले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य र रोजगारीलाई मुख्य प्राथमिकतामा राखेर काम गरिरहेको छ । सुशासन, शिक्षा, स्वास्थ्य र रोजगारीलाई मुख्य प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम, बजेट र योजनाहरु अगाडि बढाइएको छ । विकास सँगसँगै नगरको सौन्दर्यीकरण, शहरी व्यवस्थापन र सेवा-सुविधामा सुधार ल्याउनका लागि हामी संघ र प्रदेश सरकारसँग साझेदारी गर्दै अगाडि बढिरहेका छौं । सेवा प्रवाहलाई जनमुखी बनाउन घरदैलो सेवाहरु सुरु गरेका छौं । बाआमासँग नगरप्रमुख कार्यक्रममार्फत् ६० वर्ष माथिका जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण तथा औषधि वितरण, अपाङ्गता परिचय पत्र वितरण, सुत्केरी महिलाको स्वास्थ्य जाँच, पशुचौपायाको स्वास्थ्य परीक्षण तथा औषधि वितरणलगायतका कार्यक्रमहरु नागरिकको घरदैलोमै पुऱ्याइएको छ । गुणस्तरीय शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गर्दै नगरवासीलाई आत्मनिर्भर बनाउने योजनाहरु अगाडि सारिएको छ । स्वरोजगार सिर्जना गर्दै नगरवासीलाई आत्मनिर्भर बनाउन प्राविधिक शिक्षा र सीपयुक्त तालिमहरु सञ्चालन भइरहेका छन् । बुटवलले गृहणी महिला तथा युवाहरुलाई स्वरोजगार बनाउँदै विदेश पलायन रोक्ने उद्देश्यले गृहणी महिला स्वरोजगार कार्यक्रम, महिला उद्यमशीलता, युवा इलमजस्ता कार्यक्रममार्फत् सीप र रोजगारसँग जोड्दैछौं ।

हामीले कफी बनाउने सीपदेखि प्लम्बिङ, वायरिङ, कम्प्युटर नेटवर्किङ, कपडा सिलाउने, सुनचाँदीका गहना बनाउने, टपरी बनाउने, चुरापोते बनाउनेजस्ता तालिम सञ्चालन गर्ने र स्वरोजगार हुन चाहनेहरुलाई थप प्रोत्साहन गर्ने काम गरिरहेका छौं । यस वर्ष १ हजार जना महिलालाई विभिन्न सीपमार्फत् उद्यममा जोड्ने गरी काम भइरहेको छ । बुटवलमा अस्पतालमा चाहिने जनशक्ति उत्पादनका लागि बुटवल उप-महानगरपालिका स्थानीय समितिको संयोजक रहेको सिद्धार्थ बाल तथा महिला अस्पताल आम्दामा पारामेडिकलको अध्ययन सुरु गरेका छौं । यहाँबाट उत्पादन हुने जनशक्ति बुटवलमै खपत हुनेछ । त्यसका लागि आम्दालाई स्तरोन्नति गरी ३ सय बेडमा पुऱ्याउँदैछौं । प्राविधिक शिक्षातर्फ कोरियन टेक्निकल इन्स्टिच्युट बुटवलमा तालिमहरु सञ्चालन भइरहेका छन् । बुटवल टेक्निकल इन्स्टिच्युट बीटीआइलाई समयानुकुल बनाउँदै टनेल इञ्जिनियरिङजस्ता अहिले माग भइरहेका विषयहरुको अध्ययन सुरु गर्ने गरी तयारी गरेका छौं । हामीले भौतिक पूर्वाधारमात्रै होइन्, मानव संशाधनको विकासमा पनि त्यत्तिकै ध्यान दिनुपर्छ भनेर यी कार्यक्रमहरु अगाडि बढाएका हौं ।

**» *भौतिक पूर्वाधारका क्षेत्रमा के-कस्ता कामहरु भएका छन् ?***

बुटवल भौतिक पूर्वाधारमा अगाडि छ । हामीसँग राष्ट्रियस्तरका संरचनाहरु छन् । अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र तथा प्रदर्शनी हल छ । ढुवानी ग्राम, व्यवस्थित अटो भिलेज, खेल मैदानहरु बनेका छन् । लुम्बिनी प्रादेशिक अस्पताल, आम्दा अस्पतालका नयाँ भवनहरु बन्दैछन् । सपिङ मलहरु, ठूला–ठूला तारे होटलहरु सञ्चालनमा छन् भने केही निर्माणका क्रममा छन् । उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखेर पशु बधशाला सञ्चालनमा आएको छ । विद्यमान पार्किङ्को समस्या समाधान गर्न बुटवल उप-महानगरपालिका, नगरविकास कोष र मल्टि डेफोर्ट हार्मोनिक जेभीसँगको सहकार्यमा नगरले बहुतले पार्किङ् भवन निर्माणका लागि काम अगाडि बढाएको छ । लामो समयसम्म रोकिएको राजमार्ग चौराहदेखि गोलपार्कसम्मको ६ लेन सडक छिट्टै सकिने अपेक्षा छ । बुटवल-नारायणघाट ६ लेन सडक स्तरोन्नति हुँदैछ । बुटवल-चन्द्रौटा सडक पनि ४ लेनमा स्तरोन्नति हुँदैछ । पूर्वपश्चिम राजमार्ग र सिद्धार्थ राजमार्गको मिलनबिन्दु पर्ने बुटवलबाट कुनै पनि क्षेत्रका लागि यातायात सुविधा लिन सकिन्छ । नगरका अधिकांश भित्री सडकहरु पक्की र फराकिला बनेका छन्, केही निर्माणकै चरणमा छन् । हालको बसपार्क साँघुरो भएकाले प्रदेशस्तरको हरियाली बसपार्क बनाउने योजना ल्याइएको छ । अत्याधुनिक फोहोर प्रशोधन केन्द्र निर्माणका लागि बुटवल-१२ मा जग्गा प्राप्तिको चरणमा रहेको छ ।

बुटवलको विकासमा सरसफाइ र खानेपानी आयोजनाका लागि विश्व बैंकलगायतका ठूला लगानीकर्ताहरु लगानी गर्न इच्छुक देखिएकाले छिट्टै यी आयोजनाहरु पनि अगाडि बढ्नेतर्फ उन्मूख छन् । बुटवलको खानेपानीका लागि २२ वर्षअघि सुरु गरिएको झुम्सा खानेपानी आयोजना पनि अब सम्पन्न हुनेतर्फ अगाडि बढेको छ । हामीले तिनाउ गाउँपालिकासँग सहकार्य गरी स्थानीय विकासका लागि वार्षिक २ करोड रुपैयाँ दिने समझदारी गरेका छौं । छाडा चौपायाको समस्या निराकरणका लागि बुटवलको शिवनगर सामुदायिक वनमा गौचरणसहितको गौशाला सञ्चालनमा ल्याइएको छ । यी बुटवलका लागि महत्वपूर्ण योजनाहरु हुन् ।

**» *शिक्षा र स्वास्थ्यमा बुटवल अग्रणी शहरका रूपमा स्थापित भएको छ, यसका आधारहरु के–के हुन् ?***

बुटवल शिक्षामा अब्बल क्षेत्र हो । माध्यमिकस्तरमा देशमै उत्कृष्टमध्येका कालिका मावि, नवीन औद्योगिक मावि, कान्ति माविजस्ता सार्वजनिक विद्यालयहरू छन् । जहाँ विद्यार्थीलाई भर्नाका लागि पालो कुर्नुपर्ने अवस्था छ । निजी क्षेत्रबाट पनि उत्तिकै स्तरीय शिक्षा प्रदान भइरहेको छ । एसईई होस् वा उच्च शिक्षा बुटवलले देशमै ख्याति कमाएको छ । हामीले आन्तरिक श्रोतबाट मात्रै यो वर्ष शिक्षामा १० करोड जति बजेट छुट्याएका छौं । प्राविधिक शिक्षामा बुटवल टेक्निकल इन्स्टिच्युटमा सिभिल इञ्जिनियरिङतर्फ स्नातक तहको अध्ययन आरम्भका लागि काम अघि बढेको छ । बुटवल-१६ मा कृषिविज्ञान (बी.एस.सी.ए.जी.) कलेज स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ । आम्दामा पारामेडिकल कक्षाहरु सञ्चालन भएका छन् । अटो भिलेजमा इञ्जिनियरिङ अध्ययन गराउनका लागि पहिलो चरणको अध्ययन पूरा भएर काम अगाडि बढेको छ । विद्यालयहरुको भौतिक पूर्वाधार, अतिरिक्त क्रियाकलापमा जोड्दै विद्यार्थीहरुको क्षमता विकास गर्न नगरस्तरीय फुटबल प्रतियोगिता, लोकनृत्य प्रतियोगिताजस्ता विद्यालयलक्षित प्रतियोगिता सञ्चालन गरिरहेका छौं । स्वास्थ्यमा हामी निर्वाचित भएर आएदेखि विशेष कार्यक्रमहरु सञ्चालन गरेका छौं । टोल-टोलमा प्राथमिक उपचार कार्यक्रम, पोषण, सुरक्षित मातृत्व, जेष्ठ नागरिक तथा किशोरकिशोरी लक्षित कार्यक्रम, स्वास्थ्य संस्थाहरुको स्तरोन्नति तथा गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकतामा राखिएको छ । ६० वर्षमाथिका जेष्ठ नागरिकको स्वास्थ्य उपचारलाई प्रभावकारी बनाउन बाआमासँग नगरप्रमुख कार्यक्रममार्फत् चिकित्सकसहितको स्वास्थ्य टोली घरमै पुगेर स्वास्थ्य जाँच गर्ने र औषधि वितरण गर्ने कार्यक्रम सञ्चालनमा रहेको छ ।

गर्भवती महिलाहरुको जाँच तथा निःशुल्क औषधि वितरण, सुत्केरी महिलालाई तीन पटक स्वास्थ्यकर्मीहरु घरमै पुगी स्वास्थ्य जाँच गर्ने, दुग्धवर्द्धक जडीबुटी प्रदान गर्ने जस्ता कार्यक्रम सञ्चालित छन् । स्वस्थ शिशु पोषण कार्यक्रमअन्तर्गत नगरभित्रका सरकारी तथा सामुदायिक अस्पतालमा बच्चा जन्माउने आमाहरुलाई प्रोत्साहन स्वरुप दुई हजार रुपैयाँ र एचआइभी संक्रमित बालबालिकालाई मासिक ३ हजार पोषण खर्च प्रदान गर्दै आएका छौं ।

नगरमा अहिले १५-१५ बेडका दुईवटा अस्पताल निर्माण सम्पन्न भइसकेर सञ्चालनको तयारीमा रहेका छन् । बुटवल उप-महानगरपालिकाकै स्थानीय व्यवस्थापनमा रहेको आम्दा अस्पताललाई विशिष्टकीकृत अस्पतालका रुपमा स्तरोन्नति गर्न ३ सय बेडमा स्तरोन्नति गर्ने काम अघि बढेको छ । बुटवलमा पीपीपी मोडेलमा १ सय शैयाको अस्पताल स्थापना गर्ने योजनासहित सरोकारवालासँग छलफल चलाइरहेका छौं ।

**» *बुटवलमा कृषियोग्य जमिन घट्दै गइरहेको छ, यसलाई जोगाइराख्न के –के योजना छन् ?***

बुटवलमा बसाईसराइका कारण कृषियोग्य भूमि घट्दो अवस्थामा छ । अहिलेको अवस्थामा १९ वटा वडामध्ये १ देखि १२ सम्म कृषियोग्य जमिन एकदमै न्यून छ । १ देखि ११ सम्म कृषिका लागि जमिन नै छैन । वडा नम्बर १३ देखि १९ मा कृषियोग्य जमिन रहेको छ । त्यो पनि विस्तारै घट्दो क्रममा छ । यसलाई जोगाइराख्नका लागि नगरले कृषिलाई प्रोत्साहन गर्ने हो । व्यक्तिको जमिन किनबेचमा रोक लगाउन सम्भव छैन । देशका मुख्य शहरहरुको मुख्य चुनौती यही हो । कृषियोग्य जमिन घट्दै गएको छ र बस्ती बाक्लिदै गएको छ । बस्ती बाक्लिदै जाँदा कृषि उपजको माग बढ्दो छ । तर, आफूसँग भएको जमिन घडेरी भइसकेको छ । यसले हामीलाई परनिर्भर बनाउँदै लगेको छ । यसमा हामीले किसानलाई प्रोत्साहन दिएर कृषियोग्य जमिन बिक्री गर्नभन्दा खेतीपाती गर्नमा आकर्षित गर्ने प्रयास गरिरहेका छौं । स्थानीय श्रोतसाधनले ठूलो लगानी गर्न सकिंदैन । तर पनि, हामीले मकैबाली, तरकारी खेती, पशुपंक्षी पालन गर्नेलाई बिउ र सहायतास्वरुप केही सामग्रीहरु, उपकरणहरु तथा उत्पादनमा आधारित अनुदान उपलब्ध गराइरहेका छौं । दुग्ध उत्पादनलाई वृद्धि गर्नका लागि भैंसीको पाडी खरिदमा अनुदान दिने गरेका छौं ।

शहरी बस्तीमा कौसी खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रम पनि सञ्चालन गरेका छौं । यसले केही हदसम्म कृषियोग्य जमीनमा खेतीपाती गर्नका लागि प्रोत्साहन गर्नसक्छ भन्ने हो । तर, संघीय सरकारकै नीतिले यसलाई सबैभन्दा बढी प्रभाव पार्छ । बुटवल-१५ मा नेपालकै आधुनिक र व्यवस्थित कृषि बजार केन्द्र स्थापना गर्ने काम अगाडि बढेको छ । झण्डै दुई अर्ब लगानीको यो आयोजना सम्पन्न हुँदा बुटवल मात्रै हैन्, लुम्बिनी प्रदेशका तराई र पहाडी जिल्लाका किसानका उत्पादनले बजार पाउने छ भने कृषिजन्य उत्पादन निर्यात समेत गर्न सकिने छ । यहाँ उत्पादन भएका वस्तु भैरहवाको विमानस्थलबाट विदेश निर्यात गर्ने योजना छ ।

**» *बुटवललाई उत्कृष्ट पर्यटकीय विश्रामस्थल बनाउने कुरा उठिरहन्छ, तपाईं पनि यसबारेमा बोल्दै आउनु भएको छ, यसबारेमा के काम भइरहेको छ ?***

बुटवलका ऐतिहासिक, धार्मिक, पर्यटकीय सम्पदाहरुको प्रचारप्रसार गर्दै अन्य पर्यटकीय स्थलहरुसँग जोडेर पर्यटकीय विश्रामस्थलको रुपमा बुटवललाई विकास गर्ने लक्ष्य छ । बुद्ध जन्मस्थल लुम्बिनीदेखि बुटवलको जितगढी किल्ला, मणिमुकुन्दसेनको ग्रीष्मकालीन दरबार, आदिम मानव रामापिथेकसको अवशेष फेला परेको स्थल, सिद्धबाबा मन्दिर हुँदै बुटवललाई मुक्तिनाथसम्म जोड्ने पर्यटकीय रुट निर्माण गरी पर्यटन प्रवर्द्धनका योजना छन् ।

बुटवललाई देशकै उत्कृष्ट पर्यटकीय विश्रामस्थलका रुपमा स्थापित गर्न नगरको सौदर्यीकरण, सरसफाइ, हरियाली र उज्यालो शहर निर्माण अभियान चलाइएको छ । उज्यालो बुटवल कार्यक्रमअन्तर्गत नगरका २३ स्थानमा हाइमास्ट लाइट जडान गरेर बाँकी स्थानमा यसै वर्ष जडानको काम सुरु भएको छ । बुटवलमा हाल सञ्चालनमा आइसकेको बुटवल-बसन्तपुर जोड्ने लुम्बिनी केबलकार र बुटवल-नुवाकोट जोड्ने सिर्द्धाथ केवलकारले यो क्षेत्रलाई अझ चलायमान बनाएका छन् । निजी क्षेत्रले पनि आर्थिक केन्द्रको रुपमा रहेको बुटवल भविष्यमा सुन्दर पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुने अपेक्षासहित ठुला, स्तरीय तथा तारे होटलहरुमा लगानी गरिरहेका छन् । हामीले पर्यटनका लागि उपयुक्त वातावरण तयार गर्ने हो । त्यसमा हामीले स्थानीय पर्यटन उद्यमीहरुलाई साथमै लिएर गतवर्ष र यस वर्ष पनि कार्यक्रमहरु सञ्चालन गरिरहेका छौं ।

**» *ज्योतिनगर पहिरो व्यवस्थापन, अव्यवस्थित बसोबास र सुकुम्बासी समस्या समाधान, तिनाउ नदी कटान नियन्त्रणका विषयमा के काम गरिरहनुभएको छ ?***

यी बुटवलका मुख्य चुनौतीहरु हुन् । यी चुनौतीहरुको सामना गर्दै समाधान गर्नका लागि हामीले काम गरिरहेका छौं । पहिलो वर्ष हामीले ज्योतिनगर, लक्ष्मीनगर, पाखापानी क्षेत्रको पहिरो र अरु नदीकटान भएका र हुनसक्ने जोखिम क्षेत्रहरु पहिचान गरेर सुरक्षा र सावधानीका उपायहरु अपनाएर काम गरेका थियौं । ज्योतिनगर र लक्ष्मीनगर क्षेत्रमा हामीले वर्षायाम लागेपछि छुट्टै टीम नै बनाएर काम गरेका छौं । हरेक दिन आउने पहिरो र ढुङ्गाहरु बस्तीमा जान नदिने गरी काम भइरहेकै छ ।

तिनाउ नदी कटान हुने क्षेत्रमा पनि बस्ती जोगाउनका लागि तटबन्धको काम भइरहेकै छ । नगरको आन्तरिक बजेटले जे जति सकिन्छ त्यसअनुसार काम गरेका छौं । संघ र प्रदेशमा योजना माग गरेर पठाउँदा पनि यी स्थानहरुको जोखिम न्यूनीकरण गर्नका लागि प्राथमिकता दिएर बजेट चाहियो भनेका छौं । केही रकम त आउने गरेको छ । तर त्यो पर्याप्त छैन ।

यी क्षेत्रहरुमा हुने जोखिम न्यूनीकरण गर्नका लागि संघ र प्रदेशको अलि ठूलो बजेटको आवश्यकता छ । अर्को, अव्यवस्थित बसोबास र सुकुम्बासी क्षेत्रको समस्या समाधानका लागि हामीले नियमित रुपमा नापजाँच गर्नका लागि प्राविधिक जनशक्तिहरु खटाएका छौं । भूमि आयोगमार्फत् जे जति काम हुनुपर्ने हो त्यसका लागि हामीले बुटवलमा कुनै पनि समस्या नहोस् र छिटै काम पूरा होस् भन्ने उद्देश्यले पर्याप्त जनशक्तिको व्यवस्था गरेका छौं । यसमा संघ सरकारले लालपूर्जा लिंदा लाग्ने राजस्व ५० प्रतिशत कम गर्नुपर्छ भन्ने कुरा हामीले पटक-पटक उठाउँदै आएका छौं ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com